"हिलिहाङको समृद्धि
कृषि, उर्जा पर्यटन र प्रबिधि"

# हिलिहाङ गाउँपालिकाको पाँचौं गाउँ सभामा प्रस्तुत आ.व. २०७६/ ०७७ को बार्षिक नीति तथा कार्यक्रम

मिति २०७६ असार १० गते

हिलिहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पञ्चमी, पाँचथर
१ नं प्रदेश, नेपाल

## हिलिहाङ गाउँ गाउपालिकाको

## नीति तथा कार्यक्रम २०७६/०७७

प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख श्री बिस्नु प्रसाद सापकोटा ज्यू ।

बिशेष अतिथि नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष एवं प्रतिनिधि ज्यू ।

बिशेष अतिथि नेपाली काङ्ग्रेसका सभापति एवं प्रतिनिधि ज्यू ।

बिभिन्न कार्यालयका कार्यालय प्रमुख ज्युहरु

हिलिहाङ गाउँपालिकाका उपाध्यक्ष श्री सुमित्रा उप्रेती सेढाई ज्यू ।

हिलिहाङ गाउपालिकाका प्रमुख प्रशासकिय अधिकृत श्री प्रविन दाहाल ज्यु ।

हिलिहाङ गाउँपालिका सम्पुर्ण वडा अध्यक्ष ज्युहरु ।

हिलिहाङ गाउँपालिकाका कार्यपालिका सदस्य ज्यूहरु ।

पालिका स्तरिय राजनीतिक पार्टीका प्रमुख तथा प्रतिनिधि ज्युहरु ।

विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधि ज्यूहरु

गाउँसभा सदस्य ज्युहरु

पाँचौ गाउँसभालाई सम्पन्न गर्न उपस्थित सम्पुर्ण बिकास प्रेमी महानुभावहरु

नेपालको संविधानले प्रत्याभुत गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई आत्मसाथ गर्दै संघीयता कार्यान्वयन गर्ने सन्दर्भमा मुलतः सङ्क्रमणकालको अन्त्य भई स्थानीय सरकार प्रभावकारी रुपमा संचालन गर्ने प्रमुख आधार निर्माण भई सकेको छ । यस सुखद समयमा पाचौं गाउँ सभालाई सम्बोधन गर्न पाउँदा मलाई खुसी लागेको छ । विभिन्न कालखण्डमा निरकुंस शासन प्रणालीको अन्त्य गर्न, जनताका हक अधिकार स्थापित गर्न र प्रजातन्त्र, लोकतन्त्र हुँदै संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न आफ्नो जिवनको

आहुती दिने सर्म्पुण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै जनआन्दोलनका घाईते, अपांग र वेपत्ता ब्यक्तिहरुलाई समेत पायस महत्वपुर्ण घडिमा स्मरण गर्न चाहन्छु। राष्ट्रियता, राष्ट्रिय हित एवं स्वभिमान, लोकतन्त्र र जनजीविकाको आन्दोलनको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु, नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुऱ्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु।

चालु आ.व. को नीति तथा कार्यक्रम मार्फत आर्थिक, सामाजिक, सांस्कृतिक विकास हाँसिल गर्न वर्ष भरी हामी प्रतिबद्ध रह्यौ, हाम्रा सवै प्रयासहरु जनताको हक हितमा केन्द्रित भएको कुरा जानकारी गराउन चाहन्छु। प्रभावकारी, जनउत्तरदायी, नागरीकमैत्री, जवाफदेही, सुशासन सहित भ्रष्टाचारमुक्त स्थानीय सरकार निर्माण गर्न हामी दृढ छौँ । सुसंस्कृत, सभ्यतावान एवं कर्तब्यनिष्ठ समाज निर्माण गर्नु हाम्रो उदेश्य हो।

संविधानको प्रभावकारी कार्यान्वयनको लागि र नियमसंगत ढंगले हाम्रो सरकार संचालन गर्न अनि मितव्ययीता र जवाफदेहीता हाँसिल गर्न हालसम्म ं३४ वटा कानुनहरु तर्जुमा भई कार्यान्वयनमा छन् जसमध्ये यस वर्षमात्र ११ वटा कानूनहरु निर्माण भए र आवश्यक कानुन निर्माण गरिदै लगिनेछ। यहाँका सवै राजनितिक दलहरु, नागरिक समाज, स्थानीय बुद्धिजिवी, पेशागत संघ संगठन, निजि क्षेत्र र समग्र जनताहरुसँगको सहकार्य र समन्वयमा मात्र दिगो विकास हाँसिल हुन्छ भन्ने कुरा हाम्रो सरकारले मनन गरेको छ र सोही दिशामा अगाडि बढेको छ । सवैको संयुक्त प्रयास जारी राख्दै समृद्ध हिलिहाङ निर्माणमा भविष्यमा समेत यहाँहरुको साथ सहयोगको अपेक्षा गरेको छु । योजनावद्ध ढंगले विकास कृयाकलापहरु संचालन गर्न तथा यहाँको विकास प्रक्रियालाई मार्गदर्शन गर्नका लागि **"हिलिहाङको समृद्धि, कृषि, उर्जा, पर्यटन र प्रविधि"** भन्ने दिर्घकालिन सोचका साथ पञ्चबर्षिय आवधिक योजना निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । आवधिक योजनाका आधारमा वार्षिक योजना तथा बजेट निर्माण गरिने छ। गाउँपालिकाको पर्यटकीय क्षेत्रको विकास गर्न पर्यटन गुरुयोजना निर्माण भई सकेको छ, गुरु योजनाको आधारमा पर्यटकीय क्षेत्रको भौतिक

तथा पुर्वाधार निर्माण गरी गाउँपालिकाको आन्तरिक आम्दानी बढाउने दिशामा गाउँपालिका अघि बढ्नेछ ।

भनिन्छ केन्द्रीय सरकार र प्रदेश सरकार देख्ने सरकार हो भने स्थानीय सरकार सुन्ने, छुने र महसुश गर्ने सरकार हो । स्थानीय समस्या, संभावना र सवल पक्षहरु यहाँका जनप्रतिनिधिलाई थाहा हुन्छ । जनताका समस्याहरु पहिचान गरी योजना तथा कार्यक्रम बनाउने तथा आवश्यक परे तत्कालै समाधान गर्ने जिम्मेवारी स्थानीय जनप्रतिनिधीहरुकै हो । हाम्रो सरकारले गत वर्ष गाउँपालिकाको उपचार मापदण्डको आधारमा ४५ जनालाई आर्थिक सहयोग गरेको छ। कार्यपालिकाले निर्णय गरी अनिवार्य उपचार आवश्यक पर्ने १४ ब्यक्तिलाई समेत कडा रोग र उपचार खर्चका आधारमा आर्थिक सहयोग गरेको छ। आ.ब. २०७५/०७६ मा आर्थिक रुपले विपन्न २ परिवारलाई गाउँपालिकाको आफैले घर निर्माण गरी हस्तान्तरण गर्ने कार्य भएका छन् । दुई (२) परिवारलाई घरको छानोको लागि जस्तापाता वितरण भएको छ । त्यस्तै विपदमा परेका एक परिवारलाई विपद व्यवस्थापन कोषमार्फत आर्थिक सहयोग भएको छ । मिति २०७५।१२।०६ गते हिलिहाङ गाउँपालिका वडा नं. ३ स्थित डाँडेमा भएको आगलागिबाट क्षति बेहोर्नु परेका ६ परिवारलाई लता कपडा, शिक्षाका सामाग्री, खाद्य बस्तु, घर निर्माणका लागि जस्तापाता र कार्यविधि बमोजिम नगद सहयोग समेत हाम्रो सरकारले उपलब्ध गराएको छ ।

उपस्थित महानुभावहरु, आर्थिक २०७५/०७७ मा गाउँपालिका क्षेत्रका बासिन्दाहरुलाई आवश्यक विउ विजन पुर्ण अनुदान र आंशिक अनुदानमा वितरण भएका छन् जसले यहाँको उत्पादन र उत्पादकत्व वृद्धि भई जनताको जिवनस्तरमा सुधार हुनेछ भन्ने विस्वास मैले लिएको छु। कृषकहरुको लागि आवश्यक तालिमहरु सञ्चालन भएका छन् । सिञ्चाईको लागि आवश्यक प्लाष्टिक टनेल, मल्चिङ प्लाष्टिकहरु वितरण भएका छन र कृषक समुहमार्फत साना सिचाई कार्यक्रम संचालन गरी निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीक कृषि तर्फ रुपान्तरण गर्ने प्रयास भएको छ। यहाँका समग्र पर्यटकीय क्षेत्रहरुको पहिचान, संरक्षण, संभार

तथा प्रवर्द्धन गरी गाउँपालिकाको आन्तरिक आम्दानी बढाउनको लागि पर्यटन गुरु योजना निर्माण भई सकेको छ । जोरपोखरी आगेजुङ भोटेगढी हिलिहाङ दरवार पर्यटकीय रिङरोड परियोजनाको पहिलो चरणमा गोपेटारबाट जोरपोखरीसम्मको ५.८ कि.मि. सडक ट्र्याक ओपन तथा स्तरोन्नती कार्य सम्पन्न भई सकेको छ । प्रदेश सरकारको सहयोगमा हिलिहाङ दरवार क्षेत्रमा हिलिहाङ दरवार संग्राहलयको निर्माण कार्य सुरु भएको छ । नीजि क्षेत्रको लगानीमा गाउँपालिका क्षेत्रभित्र तमोर नदिमा र्‍यापि्टङ्ग सुरु भएको छ, यसले आन्तरिक तथा बाह्य पर्यटकहरु गाउँपालिकामा भित्राई यहाँका होटेल ब्यवसाय फस्टाउने तथा आन्तरिक आर्य आर्जन हुने विस्वास लिईएको छ । पर्यटकीय क्षेत्रहरुमा अनावश्यक फोहोर मैला नियन्त्रण गर्न डस्टविनको व्यवस्था तथा सो को उचित व्यवस्थापन गर्ने कार्यमा ध्यान केन्द्रित गरिएको छ । पशु विमा कार्यक्रम, उन्नत जातका बोका तथा विर वितरण, एकल महिलाहरुलाई केन्द्रित गरेर आय आर्जनका लागि विभिन्न कार्यक्रम, पशु औषधिहरुको व्यवस्था, कृतिम गर्भाधान कार्यक्रम, च्याप कटर वितरण, पशुपालनसँग सम्बन्धित तालिम संचालन, गोठ सुधार र खोर निर्माण जस्ता कार्यक्रमहरु संचालन भएका छन् । यस्ता कार्यक्रमहरुले कृषकहरुलाई केही राहत मिलेको मैले महशुस गरेको छु । सहकारीका संचालक र कर्मचारीहरुको लागि लेखापालन, सहकारी सफ्टवेयर कोपोमिस र सम्पत्ति सुद्धिकरणसम्बन्धि तालिमहरु सम्पन्न गरिएको छ ।

शिक्षा क्षेत्रको विकास विना अन्य क्षेत्रको विकास संभव छैन भन्ने कुरा मैले बुझेको छु । गत आ.व. मा वर्ष शिक्षा क्षेत्रमा पर्याप्त बजेट विनियोजन गरेकोमा सोही अनुसार कार्यक्रम संचालन भएका छन् । यस वर्ष विशेषतः विज्ञान, गणित र अंग्रेजी विषयलाई प्राथामिकतामा राखी सवै तहमा १० / १० दिनका दरले तालिमहरु संचालन भए । गुणस्तरीय शिक्षक निर्माणमा यस तालिमले पक्कै पनि सहयोग गरेको छ । कक्षा १ देखि ३ सम्म अनिवार्य अंग्रेजी शिक्षा लागु गर्ने अभियान यसै वर्षदेखी थालनी गरिएको छ । अनिवार्य अंग्रेजी शिक्षा लागु गर्न बाल विकास केन्द्र भएका विद्यालयहरुमा सोही तहलाई शिशु कक्षा मान्ने र नभएका विद्यालयहरुमा अनिवार्य शिशु कक्षा संचालन गरि अंग्रेजी शिक्षा लागु गर्ने आधार तयार गर्नको

लागि सवै विद्यार्थीहरुलाई अल ईन वान नामक पुस्तक हाम्रो सरकारले वितरण गरेको छ। अनिवार्य अंग्रेजी शिक्षा लागु गर्न शिक्षकहरुलाई १० दिने अंग्रेजी बोलचाल अभ्यास तालिम आयोजना गरेका छौँ। साथै सवै वाल विकास केन्द्रका (शिशु कक्षा) स.का. हरुलाई हाल नीजि क्षेत्रले प्रयोगमा ल्याएको मन्टेस्वरी कक्षाको लागि ७ दिने तालिम संचालन भएको छ। कक्षा एक सम्मका सवै विद्यार्थीहरुले दिवा खाजा प्राप्त गरेका छन् जसले विद्यालयमा ड्रप आउट रेट घट्ने विस्वास लिइएको छ। शिक्षालाई प्रविधिमैत्री बनाउन तथा सिक्ने र सिकाउने प्रकृयाको दायरालाई फराकिलो बनाउन सवै माध्यमिक विद्यालयहरुमा ईन्टरनेट जडान कार्य सम्पन्न भएको छ। साथै अनलाईन प्रविधिमार्फत विद्यालयका हाँजिरि रेकर्ड गाउँपालिकाको केन्द्रबाटै सोझै हेर्न सकिने गरी प्रविधिमार्फत अनुगमन हुने व्यवस्थाको लागि सवै माध्यमिक विद्यालयहरुमा विद्युतिय हाँजिरि जडान कार्य सम्पन्न भएका छन्।

सवै वडामा आधारभुत स्वास्थ्य सेवा पुर्ती गर्नको लागि स्थापित सामुदायिक स्वास्थ्य ईकाइको लागि वडा नं. ४ मा यसै वर्ष भवन निर्माण कार्य सम्पन्न भई सेवा प्रवाह भईरहेको छ। हाम्रो सरकारले स्वास्थ्य संस्थाहरुमा सरकारले निशुल्क भनि तोकिएका औषधिको अभाव हुन नदिने व्यवस्था मिलाएको छ। गाउँपालिकाको सुख्खा क्षेत्रको रुपमा परिचित वडा नं. ७ मा डिप बोरिङ मार्फत खानेपानीको ब्यवस्था मिलाउन आवश्यक सम्भाव्यता अध्ययन सम्पन्न भई सकेको छ। जि.डब्लु.टि. सँगको साझेदारीमा वडा नं. ६ र ७ मा संचालित खानेपानी आयोजनामा गाउँपालिकाको सहयोग रहेको छ। बृहत खानेपानी आयोजनाको नियमित मर्मत संभारको ब्यवस्था गरिएको छ, अन्य ४७ वटा खानेपानी आयोजनाहरु निर्माण सम्पन्न भएका छन् भने १५ वटा आयोजनाहरुको मर्मत संभार यसै वर्ष गरिएको छ। वडा नं १, २, ६ र ७ मा खानेपानी मिटर अनुदान कार्यक्रम सम्पन्न भैसकेको छ। यहाँका विभिन्न जनजातीहरुको संस्कृतिलाई संरक्षण हुने गरी सांस्कृतिक नृत्य प्रशिक्षण कार्यक्रम लगायतका प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन भएका छन्। महिला तथा बालबालिकाको क्षेत्रका धेरै कार्यक्रमहरु कर्मचारी अभावका कारण संचालन गर्न नसकिएकोमा म दुखित छु। आगामी दिनमा कर्मचारी

व्यवस्थापनमा ध्यान दिनेछु । लक्षित बर्गहरुका लागि विभिन्न सचेतनात्मक तालिमहरु यस वर्ष सम्पन्न भए । गाउँपालिका स्तरीय वाल संजालको लागि भवन तथा सामाग्रीहरुको व्यवस्थापन गरिएको छ । अपागंता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ कार्यपालिकाबाट स्वीकृत भईसकेको छ, कर्मचारी अभावको कारण कार्यविधि बमोजिम नया परिचय पत्र वितरण गर्न सकिएको छैन, आगामी श्रावणदेखी सो कार्यको थालनी गर्नेछु । ग र घ वर्गका अपांग परिचयपत्र दाताहरुलाई पुरानै अभिलेखको आधारमा वार्षिक रु. २००० र १५०० का दरले प्रोत्साहनस्वरुप सहयोग वितरण गरिएको छ । ज्येष्ठ नागरिक सम्मान कार्यक्रमले यस वर्ष पनि निरन्तरता पाएको छ । गाउँपालिका क्षेत्रका बासिन्दाहरुलाई घरदैलोमै उपचार सेवा प्रदान गर्ने तथा ज्येष्ठ नागरिकहरुलाई विशेष ध्यान दिई आँखाको मोतियाविन्दुको अप्रेसन सहितको आँखा तथा दन्त शिविरको आयोजना हाम्रो सरकारले गरेको छ ।

हाम्रो सरकारले उपभोक्ता समितिले गर्ने निर्माण कार्यलाई प्रभावकारी बनाउन सवै उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण कार्यक्रम संचालन गरेको छ । यसले निर्माण कार्य गुणस्तरीय हुने, पदाधिकारीहरुलाई अभिलेखिकरणमा सहजता आउने विस्वास लिएकोमा केही सकरात्मक नतिजा हाँसिल भएको मैले पाएको छु र यस कार्यक्रमलाई निरन्तरता दिइने कुरा यहाँहरुलाई अवगत गराउन चाहन्छु । यस वर्ष योजना अनुगमन प्रकृयालाई प्रभावाकारी बनाईएको छ, वडा स्तरीय अनुगमन र पालिका स्तरीय अनुगमन पश्चात मात्र भुक्तानी हुने व्यवस्थालाई कडाईका साथ पालना गरिएको छ । योजनाको गुणस्तरमा सुधार देखिएको छ, आगामी वर्ष थप सुधार हुने अपेक्षा लिएको छु । सार्वजनिक निर्माण तथा खरिदको लागि विद्युतिय खरिद प्रकृया अवलम्बन गर्न थालिएको छ जसले ठेक्का प्रकृयामा हुने अनियमितता र प्रतिस्पर्धा सिमित गर्ने कार्यको अन्त्य भएको छ, आगामि दिनमा विद्युतिय खरिद प्रकृयालाई हाम्रो सरकारले निरन्तरता दिनेछ । यस वर्ष वडा नं. २ स्थित सिंहपुर स्वास्थ्य चौकी भवन, वडा नं ४ स्थित केलाङ भवन, वडा नं. ७ स्थित सान्छोलिङ गुम्बाको भवन निर्माण कार्य सम्पन्न भई सकेकोछ भने दोरुम्बा कृषि सहकारीको भवन निर्माण

र जोरपोखरी विद्युत सहकारीको भवन निर्माण कार्यको लागि गाउँपालिकाको श्रोत प्रयोग भई सकेको छ । वडा नं. ७ स्थित संघीय सरकारबाट प्राप्त आधारभुत स्वास्थ्य केन्द्रको भवन निर्माणको लागि विद्युतिय माध्यमबाट बोलपत्र आह्वान गरि सकिएको छ । प्रदेश सरकारको बजेट विनियोजनमा प्राप्त ससर्त अनुदानको सल्लेरी सुभाङ पञ्चमी सडकको सम्पुर्ण खण्ड यसै आ.व. को अन्त्यसम्ममा पहिलो चरणको स्तरोन्नतीको कार्य सम्पन्न भइ सक्नेछ । यस वर्ष गाउँपालिका क्षेत्रभरि ४१ वटा सडक खण्डहरु स्तरोन्नती भए भने २२ वटा सडक खण्डको लागि नया ट्रयाक ओपन भएका छन् ।

यस वर्ष फोहोरमैला व्यवस्थापनका लागि बजार क्षेत्रहरुमा र पर्यटकीय स्थल र धार्मिक स्थलहरुमा डस्टविन वितरण भएका छन् । विकास निर्माण कार्यहरु गर्दा वातावरणीय जोखिम न्युनीकरणमा ध्यान दिएको छु, बनजंगलको संरक्षण, जलाधार संरक्षण हुने गरी विकास निर्माण कार्यहरु संचालन भएका छन् ।

गाउँपालिकाले आफ्नो वेभसाईट निरन्र अद्यावधिक गर्दै आईरहेको छ । गाउँपालिकाको सम्पुर्ण जानकारीसहितको एप्लिकेसन निर्माणको कार्य अन्तिम अवस्थामा पुगेको छ । यस वर्ष गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरुमा विद्युतिय हाँजिरीको जडान गरी कर्मचारी नियमित कार्यालयमा बस्ने व्यवस्था गरेको छु । हाम्रो सरकारले सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी बनाउन आयोजना व्यवस्थापन, ईन्धन व्यवस्थापन, जिन्सी व्यवस्थापन लगायतका सफ्टवेयरहरु यसै वर्ष खरिद गरी जडान कार्य सम्पन्न गरेको छ । नागरिक मैत्री सेवा प्रवाहका लागि हाम्रो सरकार प्रतिवद्ध छ, आगामी दिनमा प्रविधिको प्रयोगलाई आत्मसाथ गर्दै गुणस्तरीय सेवा प्रवाह गर्ने हाम्रो लक्ष रहेको छ ।

यस वर्षका हाम्रा उपलब्धीहरु उत्साहवर्दक छन् । स्थानीय सरकारले लिएको नीतिको कार्यान्वयनबाट सुशासन तथा समृद्धिका आधारहरु तयार भएका छन् । यस कार्यमा हाम्रो सरकारलाई सहयोग गर्नुहुने सम्पुर्ण हिलिहाङवासी दाजुभाइ तथा दिदिबहिनी, राजनितिक दल, नागरिक समाज, निजि क्षेत्र र अन्य सरोकारवालाहरुलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

भविष्यमा समेत यहाँहरुको साथ, सहयोग, हौसला र प्रेरणा मिलिरहोस, सहकार्य, समन्वय र सद्भाव प्राप्त होस भन्ने चाहन्छु। हिलिहाङको समृद्धिका लागि फुटेर होइन जुटेर अगाडि बढौं भनी आह्वान गर्दछु।

उपस्थित महानुभावहरु, हिलिहाङ गाउँपालिकाको आवधिक योजनाको ड्राफ्ट र जनतासमक्ष गरिएका प्रतिवद्धताहरुलाई ध्यान दिई हाम्रो सरकारले आगामि आर्थिक वर्ष ०७६/७७ को नीति तथा कार्यक्रमहरु प्रस्ताव गरेको छ । यी नीति तथा कार्यक्रमहरु **"हिलिहाङको समृद्धि, कृषि उर्जा पर्यटन र प्रविधि भन्ने दिर्घकालिन"** सोचलाई पुरा गर्नेतर्फ केन्द्रित छन् । यस नीति तथा कार्यकमले मानवीय क्षमता विकास, पूर्वाधार निर्माण, उद्यमशीलता र रोजगारी वृद्धि, असमानता र गरिबी न्यूनीकरण, दिगो विकास र पर्यावरणीय संरक्षण आदिलाई प्राथामिकतामा राखेको छ। विभिन्न क्षेत्रहरुलाई प्राथमिकिकरण गरी सोही आधारमा प्राथामिकता प्राप्त क्षेत्रमा कार्यक्रमहरु संचालन गर्न जनशक्ति परिचालन गरिनेछ। जनप्रतिनिधि र कर्मचारीहरुको समन्वयात्मक भूमिकालाई प्रभावकारी र दिगो बनाई गाउँपालिकाको उद्देश्य हाँसिल गरिनेछ।

उपस्थित महानुभावहरु, आगामी पच्चिस वर्षको दिर्घकालिन सोच सहित २०७६ साउनदेखि गाउँपालिकाको पहिलो पञ्चवर्षिय योजना कार्यान्वयन गरिनेछ । क्षेत्रगत कार्यक्रमहरुलाई दिगो विकास लक्षहरुसँग आवद्ध गरिनेछ। श्रोत र साधनहरुको मितव्ययी, दिगो र दक्षतापूर्ण प्रयोग गरिनेछ। विकासका विभिन्न आयामहरुमा निजि क्षेत्रलाई उत्प्रेरित गर्ने नीति हाम्रो सरकारको रहेकोछ। सहकारी संस्थाको प्रभावकारी रुपमा संचालन तथा नियमन गरि सरकार, निजि क्षेत्र र सहकारी क्षेत्रको संयुक्त प्रयासबाट गाउँपालिकाको लक्ष हाँसिल गर्न हाम्रो सरकारले प्रयत्न गर्नेछ।

आर्थिक बर्ष २०७६/०७७ मा पालिका  तथा वडा कार्यालयहरुको प्रशासनिक भवन निर्माण कार्यको थालनी गरिने छ। न्यायिक समितिको काम कार्वहिलाई प्रभावकारी बनाउनका लागि गठित मेलमिलाप समितिका पदाधिकारीहरको क्षमता अभिव्द्धी गरी परिचालन गरिने छ

। हिलिहाङ ४ पञ्चमीमा र हिलिहाङ ७ सल्लेरीमा यथाशिघ्र प्रहरी चौकी स्थापना गर्न पहल गरिने छ ।

कृषिको आधुनिकिकरण, यान्त्रीकरण, विशिष्टीकरण र व्यवसायीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धिमा जोड दिइनेछ । व्यवसायीक, सामुहिक र सहकारी खेतीलाई प्रोत्साहन गर्ने निति लिइनेछ । निर्वाहमुखी कृषि प्रणालीलाई व्यवशायीक र नाफामुलक कृषि प्रणालीमा रुपान्तरण गर्ने नीति अख्तियार गरिनेछ । गाउँपालिका स्तरीय कृषि प्रोफाईल निर्माण गरी बालीहरुको पकेट क्षेत्र निर्धारण गरी एक गाउँ एक पकेट क्षेत्रको विकास गरिनेछ। पशुपालनको समेत पकेट क्षेत्र निर्धारण गरी जलवायु तथा आहाराको उपलब्धता तथा सम्भाव्यताको आधारमा व्यवसायीक पशुपालनलाई प्रोत्साहित गरिने नीति अवलम्बन गरिनेछ । युवाहरुलाई उद्यमशिल बनाउन तथा कृषि क्षेत्रमा आकर्षित गर्न युवा स्वरोजगार विकास कार्यक्रमको दायर बढाई संचालन गरिनेछ । कृषि पेशालाई व्यवसायीक रुपमा संचालन गरी कृषकलाई उत्प्रेरित गर्ने उदेश्यले व्यवसायीक कृषक अनुदान कार्यक्रम प्राथामिकताका साथ संचालन गरिनेछ ।

गाउँपालिकाको पर्यटन गुरु योजनाले निर्दिष्ट गरेको आयोजनालाई हिलिहाङको गौरवको आयोजनाको रुपमा छनौट गरी कार्यान्वयन गरिनेछ । पर्यटन गुरुयोजना बमोजिमका कार्यहरु अघि बढाइनेछ । आगामी दुई वर्ष भित्र सो आयोजनाको निर्माण कार्य सम्पन्न हुनेछ । आगेजुङ, जोरपोखरी, भोटेगढी हिलिहाङ दरवार पर्यटकीय रिङ रोड परियोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गरी श्रोतको खोजी गरिनेछ, प्रदेश र संघीय सरकारको विशेष अनुदान मार्फत परियोजना निर्माण कार्य अघि बढाईनेछ । विशेष गरी ताप्लेजुङ स्थित पाथिभरा देवीको दर्शन गर्न जाने आन्तरिक र बाह्य पर्यटकहरुलाई गाउँपालिकाको पर्यटकिय क्षेत्रहरुमा आर्कषित गर्न विशेष आयोजनाहरु संचालन गरिनेछ । पर्यटकीय क्षेत्रहरुको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गरिनेछ । हिलिहाङ दरवार संग्राहलयको निर्माण कार्य आगामी ३ वर्ष भित्र सम्पन्न गरी संग्राहलयलाई आन्तरिक आम्दानीको श्रोतको रुपमा विकास गरिनेछ । गाउँपालिका क्षेत्र भित्र होम स्टे संचालनको लागि संभाव्यता अध्ययन गरिनेछ ।

गाउँपालिका क्षेत्रभित्रका साप्ताहिक, मासिक हाटबजारहरुलाई व्यवस्थित तथा स्तरोन्नती गरिनेछ । सहकारी संस्थाहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ । सहकारीको माध्यमबाट स्थानीय श्रोत, श्रम, साधन, सीप र पुँजीको अधिकतम परिचालन गरी आर्थिक, सामाजिक रुपान्तरण गरिनेछ । हिलिहाङ बासीलाई सहकारीमा आवद्ध हुन उत्प्रेरित गरिनेछ । सहकारीका माध्यमबाट व्यापार व्यवसाय गर्ने नीति अवलम्बन गरिनेछ ।

विद्यार्थी भर्ना अभियान कार्यक्रमलाई निरन्तरता दिईने छ । दिवा खाजा कार्यक्रमको दायरा बढाई कक्षा तिन सम्मका विद्यार्थीहरुलाई दिवा खाजा उपलब्ध गराउने साथै विद्यार्थी मैत्री पाठ्यक्रमको व्यवस्था मिलाईनेछ । विद्यार्थीहरुले गुणस्तरीय शिक्षा प्राप्त गर्ने सुनिश्चितताको लागि सामुदायिक विद्यालयका शिक्षकहरुलाई नियमित तालिम प्रदान गर्नुको साथै शैक्षिक सामाग्रीहरुको वितरणमा जोड दिइनेछ । पठनपाठनलाई प्रभावकारी बनाउन आधारभुत विद्यालयहरुमा समेत ईन्टरनेट जडान गरी प्रविधिमार्फत शिक्षा दिने कार्यलाई प्राथामिकतामा राखिनेछ र सोका लागि आवश्यक सामाग्रीहरुको ब्यवस्थापनको लागि श्रोतहरुको खोजी गरिनेछ । कक्षा १ देखि ३ सम्म अनिवार्य अंग्रेजी शिक्षा कार्यक्रम प्रभावकारी रुपमा लागु गर्न गाउँपालिक ाबाहेकका श्रोतहरुको खोजी गरिनेछ । आगामी ४ वर्षभित्र सवै विद्यालयहरुमा अनिवार्य अंग्रेजी शिक्षा लागु गरिने छ । विद्यार्थी संख्याका आधारमा न्युन दरबन्दी रहेका विद्यालयहरुलाई प्रदान गरिदै आएको राहत शिक्षक अनुदान कार्यक्रमलाई निरन्तरता दिदै यस वर्ष आवश्यकता अनुसार थप गरिनेछ । उच्च मनोवलयुक्त दक्ष जनशक्तिको विकासमार्फत शिक्षा क्षेत्रलाई अगाडि बढाउन गाउँपालिका राहत शिक्षक, वाल विकास केन्द्रका स.का. र बिद्यालयका कार्यालय सहयोगीहरुलाई २० प्रतिशत बृद्धि गरि प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ । उत्प्रेरित गरी शिक्षा क्षेत्रको विकास गर्न होस भन्ने हेतुले  माध्यमबाट शिक्षा क्षेत्रको विकासलाई अघि बढाउन आधारभुत तहदेखि नै कम्प्युटर शिक्षालाई अनिवार्य शिक्षाको रुपमा मुलप्रवाहिकरण गर्ने नीति अवलम्बन गरिनेछ । गाउँपालिका

क्षेत्रभित्र रहेका खेलमैदानहरुको क्रमशः स्तरवृद्धि गर्दै एक वडा एक खेलमैदानको नीति अवलम्बन गरिनेछ। गाउँपालिकास्तरीय खेलमैदानको पहिचान गरी स्तरोन्नती गरिनेछ।

सवै नागरिकहरुलाई गुणस्तरीय आधारभुत स्वास्थ्य सुविधा उपलब्ध गराउने आवश्यक पहल गरिनेछ। प्राथामिक स्वास्थ्य केन्द्र गोपेटारलाई छिटो भन्दा छिटो सुविधा सम्पन्न अस्पतालमा रुपान्तरण गर्न संघीय सरकारसमक्ष पहल गरिनेछ। कानून बमोजिम निशुल्क प्राप्त हुने भनिएका औषधिहरुको आपुर्ती सर्वसुलभ र सहज ढंगले बाह्रै महिना हुने ब्यवस्था मिलाईनेछ र अन्य अत्यावश्यक औषधीहरुको समेत ब्यवस्थापन गरिनेछ। मातृ मृत्युदर र शिशु मृत्युदरलाई कम गर्न स्वास्थ्य केन्द्रमै बच्चा जन्माउने आमाहरुको लागि प्रोत्साहन रकम उपलब्ध गराउदै आएकोमा सो कार्यक्रमलाई निरन्तरता दिईनेछ। हाम्रो सरकारले स्वास्थ्य स्वयं सेविकाहरुलाई उचित प्रोत्साहन गर्नेछ, उनीहरुको भुमिकालाई प्रभावकारी बनाई स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन निरन्तर जोड दिईनेछ। सवै वडाहरुमा नियमित स्वास्थ्य शिविर संचालन गर्ने र प्राथामिक स्वास्थ्य केन्द्र गोपेटारमा सवै हिलिहाङबासी जनताहरुको लागि निशुल्क ल्याव टेष्ट गर्ने ब्यवस्थालाई निरन्तरता दिएकोछु। ६० वर्ष नाघेका ज्येष्ठ नागरिकहरुलाई निशुल्क एक्स-रे गर्ने व्यवस्था मिलाईनेछ भने गर्भवती महिलाहरुको स्वास्थ्य जोखिमलाई न्यूनिकरण गर्न गाउँपालिकाभरिका गर्भवती महिलालाई ४ पटक निशुल्क भिडियो एक्स्रे गर्नको लागि हाम्रो सरकारले आवश्यक श्रोतको व्यवस्था गर्नेछ। बहुक्षेत्रिय पोषण कार्यक्रमलाई निरन्तरता दिईनेछ, आगामी ३ वर्ष भित्र गाउँपालिकालाई पुर्ण पोषणयुक्त गाउँपालिका बनाउने अभियान संचालन गरिनेछ, यसका लागि संघीय सरकार, प्रादेशिक सरकार र गैरसरकारी संघसंस्थाहरुसँग सहकार्य गरिने निति अवलम्बन गरिनेछ स्वास्थ्यसम्बन्धि विभिन्न तालिम, जनचेतनामुलक कार्यक्रम, अभिमुखीकरण गोष्ठी तथा अभियानहरु संचालन गरिनेछन्।

स्थानीय स्तरमा रहेका पानीका मुहानहरुको संरक्षण, संवर्धन र प्रयोग गर्न तथा टोल बस्तीका पानीका परम्परागत मुहानहरुलाई स्वच्छ र सफा राख्न प्रत्येक वडा समितिको

अगुवाईमा टोल विकास संस्था, सामुदायिक संघ संस्था तथा स्थानीय समुदाय परिचालन गर्ने नीति अवलम्बन गरिनेछ। आवश्यक खानेपानी आयोजनाहरु संचालनमा ल्याइनेछ, संचालनमा रहेका खानेपानी आयोजनाहरुको नियमित मर्मत संभारको ब्यवस्था गरिनेछ। खानेपानी मुहान संरक्षणमा विशेष पहल गरिनेछ, मुहान वरपर फोहोर गर्न नपाउने, रुख विरुवाहरु काट्न नपाउने ब्यवस्थालाई समुदायसँगको सहकार्यमा कडाईका साथ पालन गरिनेछ। आगामी ५ वर्षभित्रमा सम्पुर्ण हिलिहाङबासीहरुलाई घरघरमै स्वच्छ खानेपानी उपलब्ध गराईनेछ, जसका लागि हाम्रो सरकारले आवश्यक आयोजनाहरु अगाडि बढाउनेछ, बृहत खानेपानी आयोजनालाई छिटो भन्दा छिटो सम्पन्न गरिने छ। तमोर लिफ्टिङ खानेपानी आयोजना निर्माणको लागि संघिय र प्रदेश सरकारसँग छलफल गरी आयोजना निर्माणको कार्य यसै बर्षबाट थालनी गरिनेछ। गाउँपालिकाको सुख्खा क्षेत्रको रुपमा रहेको वडा नं. ७ मा डिप बोरिङ खानेपानी आयोजनाको सम्भाव्यता अध्ययन भईसकेकोले सो को निर्माण कार्य गरिनेछ, वडा नं. २ मा पनि खाने पानीको अभाव भएकोले डिप बोरिङको सम्भाव्यता अध्ययन गरी कार्य अघि बढाईने छ। पुर्ण सरसफाई कार्यक्रमलाई अघि बढाइनेछ, स्वच्छ र सरसफाईयुक्त हरित हिलिहाङ गाउँपालिका निर्माण गरौं भन्ने नारालाई आत्मसाथ गरी कार्यक्रमहरु संचालन गरिनेछ।

सवै जातजाति, भाषाभाषी, धर्म संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने निति अवलम्बन गरिनेछ। सवै जात, धर्म संस्कृतिको सम्मान गरी धार्मिक तथा साँस्कृतिक सहिष्णुता स्थापना मार्फत राष्ट्र निर्माणमा सवैको सहभागितालाई सुनिष्चित गरिनेछ। यहाँका आदिवासी जनजातीहरुको आर्थिक, सामाजिक एवं साँस्कृतिक विकासको साथै भाषा, संस्कृति र परम्पराको जगेर्ना गर्ने निति अख्तियार गरिनेछ। विद्यालयमा मातृभाषाको पढाईलाई निरन्तरता दिईनेछ, थप विद्यालयमा मातृभाषा पढाउनको लागि प्रोत्साहित गरिनेछ। विभिन्न जातजातिका धार्मिक र साँस्कृतिक नृत्य, बाजागाजा, पोषाक र खाद्यपदार्थको संरक्षण गर्नुको साथै आगामी पुष्ताहरुमा हस्तान्तरण होस भन्नको लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ। पिछडिएको जातजाती, वर्ग समुदायलाई राज्यको मुलप्रवाहमा एकाकार गराउन आवश्यक

प्रयास गरिनेछ । अल्पसंख्यक तथा सिमान्तकृत जातजाती र दलितहरुको लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछ, उनिहरुको राजनितिक, आर्थिक, सामाजिक र साँस्कृतिक रुपान्तरणको लागि विभिन्न संघसंस्थाहरुसँग सहकार्य गरी एकिकृत रुपमा सघन कार्यक्रम सचालन गरिनेछ ।

विकास आवश्यकता निर्धारण, विकास प्रकृया संचालन र विकासबाट प्राप्त लाभको वितरणसमेतमा महिला सहभागिता सुनिष्चित गरिनेछ । महिला तथा किशोरीहरु माथि हुने हत्या हिंसा बढ्दै गईरहेको परिपेक्षमा सवै वडालाई समेट्ने गरी आत्मरक्षा सम्बन्धी तालिमलाई प्राथामिकताका साथ संचालन गरिनेछ । महिलाहरुको क्षमता विकास, चेतना अभिवृद्धि र उद्यमशिलता प्रवर्द्धन गर्नुको साथै महिलामैत्री शासन व्यवस्थालाई अवलम्बन गर्नेछु । एकल महिलाहरुको जिवनयापनलाई सहज बनाउन एकल महिला सुरक्षा कोषको स्थापना गरिनेछ । वडास्तरी बाल संजाल र गाउँपालिकास्तरीय बाल संजालको क्षमता अभिबृद्धि हुने गरी कार्यक्रमहरु तय गरिनेछन् । बाल संजालहरुसँगको सहकार्य र साझेदारीमा बालमैत्री स्थानीय शासन लागु गर्ने निति अवलम्बन गरेको छु । बालमैत्री गाउँपालिका घोषण गर्न आवश्यक प्रयास गरिनेछ । ज्येष्ठ नागरिकसँग भएका ज्ञान, क्षमता तथा अनुभवको उपयोग गरिनेछ, युवाको जोस र ज्येष्ठ नागरिकको होसको उचित तालमेलबाट विकासका लक्ष हाँसिल गर्न प्रयत्न गर्नेछु । घरपरिवारमा ज्येष्ठ नागरिकको महत्व बुझाउने अभियान संचालन गरिने छ । ज्येष्ठ नागरिक परिचय पत्र र ज्येष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिनेछु । अपांग भएका ब्यक्तिहरुको पुन: वर्गिकरण गरी अपांग परिचय पत्र वितरण गरिनेछ । वडा स्तरमा र पालिकास्तरमा अपांग संजाल गठन गरी उनिहरुसँगको सहकार्य र समन्वयमा लक्षित कार्यक्रमहरु संचालन गरिनेछ । ग र घ बर्गका अपांगहरुलाई दिदै आएको वार्षिक सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिइनेछ । हिलिहाङ आवास कार्यक्रम अर्न्तगत हिलिहाङ गाउँलिकाका न्युन आर्थिक अवस्था भएका, सिमान्तकृत समुदायलाई न्युनतम १०० घरका

लागि जस्ता पाता उपलब्ध गारउने नीति लिएको छु । आगामी २ बर्ष भित्र हिलिहाङ गाउपालिकालाई घरको छानो मुक्त पालिका बनाईने छ ।

बर्तमान समयमा युवाहरुप्रति बढ्दै गएको राजनितिप्रतिको वितृष्णालाई कम गर्न तथा युवाहरुको क्षमता अभिवृद्धि गरी जिम्मेवार, कर्तब्यनिष्ठ र इमान्दार नेतृत्वको विकास गर्न नमुना युवा संसद कार्यक्रम संचालन गरिनेछ । विकासका संवाहक युवाहरुको गाउँपालिका स्तरीय संजाल गठन गरी सहकार्य र साझेदारी गर्ने नीति अख्तियार गरिनेछ । युवाहरुलाई विपद व्यवस्थापन, सामाजिक विकास, वातावरण संरक्षण र खेलकुदलगायतका क्षेत्रहरुमा स्वयमसेवकको रुपमा परिचालन गरिनेछ । गाउँपालिका क्षेत्रभित्र जुनसुकै क्षेत्रमा कार्यरत मजदुर तथा श्रमिकको न्युनतम पारिश्रमिक उपलब्ध हुने व्यवस्था मिलाईनेछ ।

गाउँपालिका स्तरीय यातायात गुरुयोजना निर्माण गरिनेछ । गुरुयोजना बमोजिम सडकहरु वर्गिकरण गरी प्राथामिकताका आधारमा विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) तयार गर्दै आवश्यक श्रोतहरुको व्यवस्थापन गरिनेछ । ठुला सडक परियोजना निर्माणको लागि प्रदेश सरकार तथा संघीय सरकारसमक्ष प्रस्ताव गर्ने, लागत साझेदारी गर्ने लगायतका निति अवलम्बन गरिनेछ भने माथिल्ला सरकारहरुको समपुरक अनुदान र विशेष अनुदान प्राप्त गर्न आवश्यक तयारीका साथ पहल गरिनेछ । सडक निर्माण गर्दा पानीको मुहान, वनजंगल, बन्यजन्तु र चराचुरुङ्गीहरुको संरक्षण गर्ने नीति अवलम्बन गरिनेछ भने बाढी, पहिरो, भुक्ष्य लगायतका विपदजन्य घटनाहरु न्युनीकरण हुने गरी निर्माण कार्य अघि बढाइनेछ । अनावश्यक नयाँ ट्र्याक खोल्ने प्रवृतिलाई निरुत्साहित गर्दै भएका सडकहरुको स्तरोन्नती गरी बाह्रै महिना संचालन हुने ब्यवस्था मिलाईनेछ । आवश्यक श्रोतको पहिचान गर्ने तथा सोको लागि पहल गर्दै आगामी तिन वर्षभित्र राजमार्गबाट गाउँपालिकाको केन्द्रसम्म जोड्ने सडकलाई कालोपत्रे गरिनेछ  र वडा कार्यालयबाट गाउँपालिकाको केन्द्र जोड्ने सडकको स्तरोन्नती गरी निर्वाध आवात जावत हुने ब्यवस्था मिलाईनेछ । सल्लेरी सुभाङ पञ्चमी अमरपुर सडक तथा गोपेटार जोरपोखरी हिलिहाङ दरवार पर्यटकिय रिङरोड परियोजना संचालनका लागि प्रदेश र संघीय

सरकारको सहयोग मार्फत निर्माण कार्य अघि बढाईनेछ । डि.पि.आर. तयार गरी गाउँपालिका भवन र वडा कार्यालय भवनको निर्माण कार्य यसै वर्ष सुरुवात गरी आगामी दुई बर्षभित्र निर्माण सम्पन्न गरिनेछ । गाउँपालिका क्षेत्रभित्र भवन निर्माण कार्यलाई व्यवस्थीत गरी योजनाबद्ध ढंगले वस्ती विकास गर्नको लागि भवन संहिताको अनिवार्य पालना गर्ने गराउने नीति लिईनेछ । निर्मित पुर्वाधारहरुको नियमित मर्मत संभारको लागि आवश्यक व्यवस्था मिलाईनेछ, पुर्वाधारहरुको मर्मत सम्भार, संरक्षण र संवर्द्धनको लागि उपभोक्ताहरुसँग साझेदारी गर्ने नीति अवलम्बन गरिनेछ । हाम्रो सरकारले आगामी एक वर्षभित्र सवै क्षेत्रमा विधुत आपुर्तीको व्यवस्था मिलाई उज्यालो हिलिहाङ नारालाई मुर्त रुप दिनेछ । फाइवरमार्फत ईन्टरनेटको विस्तार गर्नको लागि आवश्यक पहल गरिनेछ भने आगामी दुई वर्षभित्र प्रति वडा एक फ्री वाईफाई जोन निर्माण सम्पन्न गरिनेछ ।

बन जंगल संरक्षणको लागि नाङ्गो डाँडाहरुमा बृक्षारोपण कार्यक्रम संचालन गरिनेछ । सडकको दुवै किनारामा विरुवा रोप्ने नीति अवलम्बन गरिनेछ । जलवायु परिवर्तन न्युनीकरण तथा अनुकुलनको लागि  जनचेतनामुलक कार्यक्रमहरु लागु गरिनेछ । एक गाउँपालिका एक उद्यान, एक वडा एक उद्यान कार्यक्रम संचालन गरिनेछ । विपद व्यवस्थापन कोषलाई निरन्तरता दिदै कोषमार्फत विपद जोखिम न्युनीकरण, अल्पीकरण, विपदपछिको प्रतिकार्य, खोज, उद्धार, राहत र पुर्नस्थापनाका कार्यक्रमहरु संचालन गरिनेछन् । विपदपछिको अवस्थालाई सामान्यीकरण गर्न जोखिम हस्तान्तरण संयन्त्रको रुपमा रहने विमासम्बन्धि चेतनामुलक कार्यक्रम संचालन गरिनेछ । गाउँपालिकालाई विपद व्यवस्थापनका लागि आवश्यक सामाग्रीहरुले सु-सज्जित गर्न प्रयास गरिनेछ, एम्बुलेन्स सेवालाई प्रभावकारी बनाउदै आगामी तिन वर्षभित्र वारुणयन्त्रको व्यवस्था गरिनेछ । विपद व्यस्थापनमा स्थानीय सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँग सहकार्य र साझेदारी गरिने नीति अवलम्बन गरिनेछ । बजार क्षेत्रमा सार्वजनिक शौचालय निर्माण, कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै संकलन गर्न सकिने

डस्टविनको व्यवस्था, नियमित सरसफाईको व्यवस्था र फोहोर व्यवस्थापनको लागि डम्पिङ साईटको निर्माणलाई प्राथामिकता दिईनेछ ।

सार्वजनिक सेवा प्रवाहमा विद्युतिय शासन प्रणाली अवलम्बन मार्फत प्रशासनिक कार्यविधिलाई सरलीकरण गरी लेस पेपर गभरनेन्सको अवधारणा अवलम्बन गरिनेछ । आवश्यक जनशक्ति व्यवस्थापनका लागि प्रयास गरिनेछ भने कर्मचारीहरुलाई क्षमता अभिवृद्धिका अवसरहरु उपलब्ध गराईनेछ। नियमित सार्वजनिक सुनुवाई, भए गरेका कामहरुको प्रकासन र प्रसारण गर्नुको साथै सुचना अधिकारी र प्रवक्ताको भुमिकालाई प्रभावकारी बनाई सार्वजनिक जवाफदेहिता प्रवर्द्धन गरिनेछ । जनताको गुनासो सुन्न र उनीहरुका समस्या समाधान गर्न जनतासँग जनप्रतिनिधी कार्यक्रम लागु गरी प्रत्येक वडामा मासिक रुपमा भेटघाट र छलफलको व्यवस्था मिलाईनेछ। आगामी वर्ष सवै वडा कार्यालयहरुमा अनलाईन घटना दर्ता प्रणाली र सफ्टवेयरमा आधारित राजश्व संकलन प्रणाली लागु गरिनेछ। तथ्याकं तथा सुचनाहरुलाई सुरक्षित राख्न गाउँपालिकाको आफ्नै सर्भरको व्यवस्था गरिनेछ, सम्पत्ति करका बारेमा अध्ययन अनुसन्धान गरी लागु गर्न प्रयास गरिनेछ। सार्वजनिक सेवा प्रवाहमा भ्रष्टाचार उन्मुलन गर्ने नीति अवलम्बन गर्दै सदाचार पद्धतिलाई आत्मसात गरिनेछ । अनियमितता, भ्रष्टाचार र छलकपटमा संलग्न जो कोहीलाई कानूनी कारवाहीको दायरमा ल्याईनेछ, भने भ्रष्टाचार र अनियमिततामा संलग्न नहुने कर्मचारीहरुलाई प्रोत्साहित गर्ने व्यवस्था गरी दण्ड पुरस्कारको नीतिलाई प्रभावकारी रुपमा अवलम्बन गरिनेछ। कर्मचारीहरुमा निहित क्षमतालाई पुर्ण रुपमा उपयोग गर्दै सरकारको लक्ष हाँसिल गर्नको लागि तथा उनीहरुलाई उत्प्रेरित गर्दै सेवा प्रवाहमा संलग्न गराउन कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ।

उपस्थित महानुभावहरु, हाम्रो सरकारले आजसम्म प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्दै आर्थिक, सामाजिक, सांस्कृतिक लगायत सवै क्षेत्रको द्रुत तर विकास मार्फत **"हिलिहाङको समृद्धि, कृषि उर्जा पर्यटन र प्रविधि"** भन्ने गाउँपालिकाको दिर्घकालिन आकांक्षा पुरा गर्ने

अठोटका साथ आ.व. ०७६/७७ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छ। यी नीति तथा कार्यक्रमहरुको सफल कार्यान्वयन भएमा गुणस्तरीय सेवा प्रवाह हुने, सवै नागरिकहरुको सम्मान र संरक्षण हुने, विकास प्रक्रियाले अपेक्षित गति हाँसिल गर्ने र समग्रमा हिलिहाङबासीको ईच्छा आकांक्षा पुरा भई हित अभिवृद्धि हुनेछ। तसर्थ यी नीति तथा कार्यक्रमहरुको सफल र प्रभावकारी कार्यान्वयनमा सवै क्षेत्रबाट योगदान हुने विश्वास लिएको छु।

उर्पयुक्त नीतिहरु कार्यान्वयन गर्नका निमित्त हिलिहाङ गाउँ पालिकाले आ.व.२०७६/०७७ को वजेटमा आय तर्फ गत वर्षको नगद मौज्दात रु ७ लाख, वित्तिय समानीकरणमा तर्फ संघिय सरकारको सम्मानिकरण अनुदान नौ करोड ५३ लाख, संघिय सरकारको ससर्त अनुदान १४ करोड ८० लाख प्रदेश सरकारको समानिकरण अनुदान ७० लाख ४ हजार प्रदेश सरकारको राजस्व बाँडफाड ५१ लाख ३५ हजार, संघिय सरकारको राजस्व बाँडफाड ७ करोड २३ लाख र आन्तरिक आय तथा राजश्व बाँडफाड अनुमान तर्फ ४० लाख ५० गरी तथा सामाजिक सुरक्षा तर्फ ५ करोड गरी कूल जम्मा रु ३८ करोड १७ लाख ८९ हजार अनुमानित आय रहेको छ।

साथै शिर्षकगत रुपमा निम्नानुसार विनियोजन गरेको छु।

शिर्षकगत बजेट (वडा सहित) आ.व. ०७६/०७७

| क्र.स. | शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | पुर्वधार विकास | ६ करोड ५८ लाख १७ | |
| २ | आर्थिक विकास | २ करोड ५१ लाख ३४ | |
| ३ | सामाजिक विकास | ४ करोड १४ लाख ९५ | |
| ४ | संस्थागत विकास सेवा प्रवाह र सुशासन | ८३ लाख १२ हजार | |
| ५ | वातावरण तथा विपद व्यवस्थापन | ६० लाख | |

| | | | |
|---|---|---|---|
| ६ | अन्य फिर्ता | | |
| जम्मा | | | |

अन्त्यमा यस समारोहमा उपस्थित भई समारोहको गरिमा बढाई दिनु हुने आदरणिय प्रमुख अतिथी, अतिथीज्यूहरु तथा विशिष्ट महानुभावहरु हिलिहाङको विकासमा योगदान पुऱ्याउने तथा महत्वपुर्ण भुमिका खेल्नु हुने यहाँका सम्पुर्ण राजनितिक दल, नीजि क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, बुद्धिजिवी, राष्ट्रि तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्था, कर्मचारी मित्रहरु, सञ्चार क्षेत्र र सम्पुर्ण हिलिहाङबासीहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद ।**

**प्रस्तोता**
**भुवानीप्रसाद लिङ्देन**
**अध्यक्ष**
**हिलिहाङ गाउँपालिका**